# प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८

<u>प्रस्तावनाः</u> प्रदेशमा स्थायी बसोबास गर्ने नागरिकलाई लागेका नसर्ने रोगहरुमध्ये क्यान्सर, मृगौला प्रत्यारोपण वा मुटुको भल्भ फेर्नु पर्ने अवस्थामा रहेका विरामीलाई स्वास्थ्य उपचार सेवामा हाल पाइरहेको सुविधाका अतिरिक्त प्रदेश सरकारको तर्फबाट थप विशेष आर्थिक सुविधा प्रदान गर्ने कार्यलाई सरल, पहुँचयोग्य, पारदर्शी तथा प्रभावकारी वनाउन वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्विनी प्रदेश सरकारले यो निर्देशिका वनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>(१) यस निर्देशिकाको नाम "प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अस्पताल" भन्नाले क्यान्सर, मृगौला प्रत्यारोपण वा मुटुको भल्भ फेर्ने जस्ता स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून वमोजिम अनुमति प्राप्त अस्पताल वा स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले निर्देशनालयले समय-समयमा निर्णय गरी तोकेका स्वास्थ्य संस्था वा अस्पताललाई समेत जनाउँछ।

(ख) "चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(ग) "निर्देशिका" भन्नाले प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८ सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको स्वास्थ्य निर्देशनालय सम्झनु पर्छ।

(ङ) "बिरामी" भन्नाले क्यान्सर, मृगौला प्रत्यारोपण वा मुटुको भल्भ फेर्नु पर्ने भनी निदान भएका र अस्पतालमा उपचार गर्नुपर्ने वा उपचाररत प्रदेशका नागरिकलाई सम्झनु पर्छ र सो शब्दले त्यस्तो उपचार गरिसकेका विरामीलाई समेत जनाउँछ ।

(च) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य,जनसंख्या तथा परिवार कल्याण मन्त्रालय सम्झनु पर्छ।

(ज) "रोग" भन्नाले क्यान्सर, मृगौला प्रत्यारोपण वा मुटुको भल्भ फेर्नु पर्ने भनी निदान [illegible] रोगलाई सम्झनु पर्छ।

(झ) "शोधभर्ना रकम" भन्नाले अस्पतालले बिरामीको उपचार गरे वापत दफा ६ को [illegible] बमोजिम तोकिएको रकममा नबढ्ने गरी यस निर्देशिका बमोजिम निर्देशनालय समक्ष माग [illegible] रकम सम्झनु पर्छ।

(ञ) "व्यवस्थापन समिति" भन्नाले दफा ११ बमोजिमको विशेष आर्थिक सुविधा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ट) "सिफारिस समिति" भन्नाले सिफारिस गर्ने प्रयोजनका लागि दफा ४ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ठ) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिकालाई समेत जनाउँछ ।

(ड) "विशेष आर्थिक सुविधा" भन्नाले परिच्छेद ३ बमोजिमको स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा सम्झनु पर्छ ।

## परिच्छेद-२
## सिफारिस तथा सूचीकरण सम्बन्धी व्यवस्था

३. **वासिन्दा नागरिक भएको सिफारिस हुनुपर्ने:** (१) यस निर्देशिका बमोजिम आर्थिक सुविधा प्राप्त गर्न बिरामीले निज लुम्बिनी प्रदेशको वासिन्दा नागरिक भएको पहिचान खुल्ने सिफारिस पत्र पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस पत्रका लागि बिरामी वा बिरामीको नजिकको हकवाला वा संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा अनुसूची-१ बमोजिमको निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिने बिरामी सो वडाको वासिन्दा नागरिक हो भन्ने यकिन गरी वडा कार्यालयले उक्त निवेदन स्थानीय सिफारिस समितिमा पठाउनु पर्नेछ।

४. **सिफारिस समिति सम्बन्धी व्यवस्था:**(१) प्रत्येक स्थानीय तहमा विशेष आर्थिक सुविधा सिफारिस गर्नका लागि देहायको एक सिफारिस समिति रहनेछ:-

(क) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) स्वास्थ्य सेवा महाशाखा/शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले निवेदन साथ प्राप्त भएका कागजात, यस निर्देशिका बमोजिमको रोग पहिचान भएको चिकित्सकको प्रेस्क्रिप्सन, उपचाररत बिरामी भए उपचार गरिरहेको अस्पताल वा स्वास्थ्य संस्थाको नाम, नागरिकताको प्रमाण पत्र, सूचिकृत अस्पतालको विवरण, सोही

स्थानीय तहको नागरिक भए नभएको विवरण वा नाबालकको हकमा जन्मदर्ता प्रमाण पत्र समेतका आधारमा विशेष आर्थिक सुविधा उपलब्ध गराउनका लागि निर्देशनालयलाई सिफारिस गर्ने निर्णय गरी बिरामी वा बिरामीको संरक्षकलाई वासिन्दा नागरिक भएकोले विशेष आर्थिक सुविधा उपलब्ध गराउने सिफारिस पत्र दिनु पर्नेछ।

५. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> यस निर्देशिकामा अन्यत्र सिफारिस समितिले गर्ने भनी तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिरामी वा निजको संरक्षकले वासिन्दा नागरिक भएको दावी गरी पेश गरेका निवेदनको छुट्टै अभिलेख राख्ने,

(ख) सिफारिस गरी पठाएका बिरामीको तोकिएको विद्युतीय प्रणालीमा अभिलेख राखी अनुसूची-२ र अनुसूची-३ बमोजिमको प्रतिवेदन मासिक तथा वार्षिक रुपमा निर्देशनालयमा पठाउने,

(ग) नेपाल सरकारको विपन्न नागरिक उपचार आर्थिक सहुलियत कार्यक्रमका लागि सिफारिस गरेको भए सोको व्यहोरा समेत खुलाई सिफारिस पत्र दिने।

## परिच्छेद-३

## <u>विशेष आर्थिक सुविधाको मापदण्ड र सुविधा प्राप्त गर्ने विधि</u>

६. <u>विशेष आर्थिक सुविधाको मापदण्डः</u> (१) यस निर्देशिका बमोजिम प्रदान गरिने रोगको उपचार वापत बिरामीलाई देहायको मापदण्डभित्र रही विशेष आर्थिक सुविधा प्रदान गरिनेछः-

(क) क्यान्सर रोगको उपचार (विभिन्न प्रकारका क्यान्सर रोग, ती सम्बन्धी शल्यक्रिया, थप निदानात्मक सेवा, केमोथेरापी, रेडियोथेरापी, औषधि, औषधिजन्य सामाग्री, शैय्या तथा सेवा शुल्क) र विरामीको हेरचार समेतका लागि प्रति बिरामी दुई लाखसम्म,

(ख) मृगौला प्रत्यारोपण गरेका वा गर्नको लागि प्रति बिरामी दुई लाखसम्म,

(ग) मुटुको भल्भ फेरेका वा फेर्नका लागि प्रति बिरामी दुई लाखसम्म।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक रोगको उपचारमा आर्थिक सुविधा प्राप्त गरेको बिरामीले अर्को रोगको उपचारका लागि आर्थिक सहुलियत प्राप्त गर्न बाधा पुगेको मानिने छैन।

(३) यस दफा बमोजिम प्रदान गरिने विशेष आर्थिक सुविधा रकमको सीमा भन्दा बढी नहुने गरी बिरामीको माग अनुसार एक रोगको लागि दुई किस्तामा प्रदान गरिनेछ ।

७. <u>विशेष आर्थिक सुविधा शोधभर्ना माग गर्नुपर्नेः</u> (१) यस निर्देशिका वमोजिम विरामी उपचाररत रहेका वा विरामीको उपचार गरेका अस्पतालले विरामीलाई उपचार गर्दा लागेको रकम दफा ६ को उपदफा (१) को मापदण्डसम्मको हकमा निर्देशनालय समक्ष प्रत्येक महिनाको सात गतेभित्र अघिल्लो महिनामा भएको उपचार खर्चको रकम शोधभर्ना माग गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम शोधभर्ना माग गर्दा अस्पतालले मासिक रुपमा अनुसूची-४ र अनुसूची-५ बमोजिमको प्रतिवेदन फाराम, विरामी वा बिरामीको आधिकारिक व्यक्ति, ड्युटी चिकित्सक वा स्वास्थ्यकर्मीबाट प्रमाणित गरेका बील भरपाई, शोधभर्ना माग गरेको रकम र उपचार सेवा पाएका विरामीको संख्या स्पष्ट खुल्ने विवरण समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

(३) दफा ४ को उपदफा (२) बमोजिम माग गरेको सिफारिस पत्र प्राप्त नहुँदै विरामीको उपचारको क्रममा मृत्यु भएमा अस्पताल प्रमुख, उपचारमा संलग्न प्रमुख चिकित्सक र सामाजिक स्वास्थ्य सुरक्षा इकाई प्रमुखले सिफारिस गरेमा बिरामीको उपचारमा खर्च भएको रकम अस्पतालले उपदफा (१) वमोजिम नै शोधभर्ना माग गर्न सक्नेछ।

८. <u>शोधभर्ना रकमको भुक्तानीः</u> (१) निर्देशनालयले दफा ७ बमोजिम अस्पतालले माग गरेको शोधभर्ना रकम सम्बन्धी कागजात व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएका कागजात उपर व्यवस्थापन समितिले अस्पतालबाट माग गरेको शोधभर्ना रकम, उपचार सेवा पाएका बिरामी संख्या, सम्झौता पत्रमा उल्लिखित शर्त, विद्युतीय प्रणालीमा प्रविष्टि भएको विवरण, सेवा शुल्क दर समेत एकीन गरी वास्तविक शोधभर्ना गर्नुपर्ने रकम विशेष आर्थिक सुविधाको मापदण्डभित्र रहने गरी निर्देशनालय समक्ष भुक्तानीका लागि सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त सिफारिस वमोजिम निर्देशनालयले सम्बन्धित अस्पतालको बैंक खातामा भुक्तानी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम भुक्तानी गर्दा प्रचलित कानून वमोजिम कर कट्टि हुने भएमा सो समेत कट्टा गरी रकम भुक्तानी दिनु पर्नेछ।

९. <u>सेवा शुल्कको निर्धारणः</u> (१) अस्पतालले यस निर्देशिका बमोजिमका रोगको उपचार वापत लगाउने सेवा शुल्क संघीय स्वास्थ्य वीमा बोर्डले निर्धारण गरेको हकमा सोही सेवा शुल्क बमोजिम र त्यसरी निर्धारण नगरेको सेवा शुल्कको हकमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्कलाई शोधभर्ना रकम भुक्तानी गर्दा आधारको रुपमा मानिनेछ।

१०. **बिरामीले भुक्तानी पाउने:-** (१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधि बमोजिमको विशेष आर्थिक सुविधा पाउने बिरामीले रोगको उपचार गरिसकेको वा रोग पहिचान भैसके पश्चात उपचाररत रहेकोमा विशेष आर्थिक सुविधा पाउनका लागि सिफारिश समितिको सिफारिश पत्र र अन्य आवश्यक कागजात सहित निर्देशनालय समक्ष भुक्तानीका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा निर्देशनालयले व्यवस्थापन समितिको सिफारिशमा दफा ६ को मापदण्ड ननाघ्ने गरी भुक्तानी गर्नुपर्नेछ ।

## परिच्छेद-४

## विशेष आर्थिक सुविधा व्यवस्थापन समिति

११. विशेष आर्थिक सुविधा व्यवस्थापन समिति: (१) यस निर्देशिका बमोजिम बिरामीलाई उपलब्ध गराउने विशेष आर्थिक सुविधालाई पहुँचयोग्य, गुणस्तरीय, व्यवस्थित एवम् पारदर्शी बनाउन आवश्यक निर्देशन दिने एवम् बजेटको व्यवस्था सम्बन्धमा सहजीकरण गर्न देहाय बमोजिमको एक विशेष आर्थिक सुविधा व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| (क) निर्देशक, निर्देशनालय | संयोजक |
| (ख) उप सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ग) उपसचिव, कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य |
| (घ) उप सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय | सदस्य |
| (घ) प्रमुख, चिकित्सा सेवा विषय हेर्ने महाशाखा, मन्त्रालय | सदस्य |
| (ङ) कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (च) प्रमुख, नर्सिङ्ग सेवा व्यवस्थापन शाखा, निर्देशनालय | सदस्य सचिव |

(२) समितिको बैठक कम्तिमा दुई महिनाको एक पटक संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(४) समितिले आवश्यकता अनुसार विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको सचिवालय निर्देशनालयमा रहनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१२. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार: यस निर्देशिकामा अन्यत्र विशेष आर्थिक सुविधा व्यवस्थापन समितिले गर्ने भनी तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) निर्देशनालयबाट प्रदान गरिने विशेष आर्थिक सुविधा सरल, पारदर्शी, पहुँचयोग्य, गुणस्तरीय, प्रभावकारी र व्यवस्थित बनाउने,

(ख) विशेष आर्थिक सुविधाका लागि आवश्यक पर्ने बजेट व्यवस्थापन गर्न बजेट अनुमान सहित मन्त्रालय समक्ष माग गर्ने,

(ग) विशेष आर्थिक सुविधा कार्यक्रम विस्तार गर्ने सम्बन्धमा मन्त्रालयमा सिफारिस गर्ने,

(घ) बिरामीले माग गरेको रकम लाभग्राही बिरामीको पहिचान यकिन गरी भुक्तानीका लागि निर्देशनालय समक्ष सिफारिस गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनमा बाधा अड्चन उत्पन्न भएमा समाधानका लागि सुझाव सहित मन्त्रालय समक्ष पेश गर्ने,

(च) नेपाल सरकारको विपन्न नागरिक स्वास्थ्य उपचार सेवा अन्तर्गत उपचार गराई रहेका बिरामीले सो प्रयोजनका लागि सूचिकृत अस्पतालमा थप उपचार गराउन चाहेमा ती अस्पतालसँग समन्वय गरी उपचार व्यवस्था मिलाउने,

(छ) खण्ड (च) बमोजिम उपचार गर्ने बिरामीको उपचार खर्च निजले पाउने आर्थिक सुविधाको सिमा भित्र रहेर उपचार गर्ने अस्पताललाई भुक्तानी दिन सिफारिस गर्ने

(ज) खण्ड (छ) बमोजिम भुक्तानी गरी बाँकी रहेको सुविधा वापत पाउने रकम यकिन गरी लाभग्राही बिरामीको माग बमोजिम निजलाई भुक्तानी दिन सिफारिस गर्ने

(झ) मन्त्रालयले समय-समयमा तोकेका अन्य कार्य गर्ने।

## परिच्छेद-५

## निर्देशनालय तथा अस्पतालका काम, कर्तव्य र अधिकार

१३. निर्देशनालयको काम, कर्तव्य र अधिकारः यस निर्देशिकामा अन्यत्र निर्देशनालयले गर्ने भनी तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विशेष आर्थिक सुविधाका लागि आवश्यक पर्ने वार्षिक बजेट तथा कार्ययोजना तयार गरी विशेष आर्थिक सुविधा व्यवस्थापन समितिको सिफारिस सहित मन्त्रालय समक्ष पेश गर्ने,

(ख) विशेष आर्थिक सुविधा व्यवस्थापन समितिको बैठकमा मासिक प्रतिवेदन पेश गर्ने,

(ग) अस्पतालबाट प्राप्त विवरण तथा प्रतिवेदन विश्लेषण गरी उपचार वापत शोधभर्ना माग गरेको रकम र बिरामीको संख्या स्पष्ट देखिने गरी विवरण राख्ने,

(घ) अस्पताललाई बिरामीको अभिलेख र प्रतिवेदन दुरुस्त राख्न लगाउने,

(ङ) विशेष आर्थिक सुविधाको विवरण स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्ने गराउने,

(च) अस्पताललाई एकमुष्ट वा पटक-पटक गरी प्रति रोग प्रति बिरामीको मापदण्ड वमोजिम विशेष आर्थिक सुविधा व्यवस्थापन समितिको सिफारिसको आधारमा शोधभर्ना रकम भुक्तानी दिने,

(छ) विशेष आर्थिक सुविधा व्यवस्थापन समितिको सिफारिश बमोजिम विरामी वा निजको हकवाला वा संरक्षकको खातामा विशेष आर्थिक सुविधा वापतको रकम उपलब्ध गराउने,

(ज) यस निर्देशिका वमोजिम कुनै विषयमा निर्णय गर्न कठिनाई भएमा आर्थिक सुविधा व्यवस्थापन समितिमा लेखी पठाउने,

(झ) बिरामीको संख्या, सेवा शुल्क तथा उपचारमा खर्च भएको रकम सम्बन्धमा द्विविधा उत्पन्न भएमा अस्पतालका अभिलेख तथा त्यस्ता प्रणालीको निरीक्षण गर्ने गराउने,

(ञ) मन्त्रालय तथा विशेष आर्थिक सुविधा व्यवस्थापन समितिका निर्णय कार्यान्वयन गर्ने गराउने।

१४. <u>अस्पतालका काम, कर्तव्य र अधिकारः</u> यस निर्देशिकामा अन्यत्र अस्पतालले गर्ने भनी तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त अस्पतालको अन्य काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) विशेष आर्थिक सुविधा अन्तर्गत उपचारका लागि आउने बिरामीको अभिलेख अनलाइन प्रविधिमा अनिवार्य रुपमा राखी प्रत्येक बिरामीको अलग-अलग फायल खडा गरी अभिलेख दुरुस्त राख्ने र राख्न लगाउने,

(ख) एउटा रोगको उपचार सेवा प्राप्त गर्न सिफारिस पत्र लिई आएका बिरामीको उपचार गर्ने र सोको जानकारी निर्देशनालयलाई दिने,

(ग) नेपाल सरकारले विपन्न नागरिकका लागि प्रदान गर्ने औषधि उपचार सहुलियतको रकमको सीमासम्म नेपाल सरकारको निकाय समक्ष शोधभर्ना माग गर्ने र सो सीमा भन्दा बढि उपचारमा खर्च हुने भएमा प्रदेश सरकारले तोकेको रोगको उपचार रकमको सीमा सम्मको हकमा निर्देशनालय समक्ष शोधभर्ना माग गर्ने,

(घ) प्रति रोग प्रति बिरामीले पाउने अधिकतम आर्थिक सहुलियत भन्दा बढि नहुने गरी चिकित्सकको सल्लाह बमोजिम सेवा उपलब्ध गराउने,

(ङ) बिरामीले उपचारका लागि सुविधा वापत पाउने रकमको अधिकतम सदुपयोग र मितव्ययी भई गुणस्तरीय सेवा सहित उपचार गर्ने प्रवन्ध मिलाउने,

(च) आफ्नो अस्पतालबाट सोही प्रकृतिको रोगको थप उपचारका लागि अर्को अस्पतालमा प्रेषण गर्नु परेमा बाँकी रकम खुल्ने गरी प्रेषण गर्नुपर्ने र सोको विवरण सूचना प्रणालीमा अभिलेख गरी जानकारी प्रेषण गरिएको अस्पताल तथा निर्देशनालयलाई दिने,

(छ) अस्पतालले चौमासिक रुपमा सेवाको विवरण र खर्च भएको रकम अस्पतालको सूचना पाटीमा सार्वजनिक गर्ने,

(ज) मासिक प्रतिवेदन फाराम भरी प्रत्येक महिनाको सात गतेभित्र अघिल्लो महिनाको रकम शोधभर्ना माग गर्न निर्देशनालयमा पठाउने,

(झ) विरामी डिस्चार्ज हुँदा तोकिएको रकममध्ये के कति रकम बराबरको उपचार सेवा लिएको हो सोको जानकारी बिरामी वा निजको संरक्षकलाई दिने र अस्पतालका बील भरपाई बिरामी वा निजको संरक्षक र डयुटी चिकित्सक वा स्वास्थ्यकर्मीबाट प्रमाणित गराई अभिलेख दुरुस्त राख्ने,

(ञ) अस्पतालले बिरामीको उपचारमा लागेको रकमको अभिलेख राख्दा वेड शुल्क वापतको रकम, निदानात्मक/परीक्षणमा लागेको रकम, अपरेशनमा लागेको रकम, औषधि लगायतमा लागेको रकम स्पष्ट रुपमा छुट्टाछुट्टै खुल्ने गरी राख्नु पर्नेछ,

(ट) अस्पतालमा सामाजिक स्वास्थ्य सुरक्षा इकाईको व्यवस्था गरी सबैले देख्ने गरी अनिवार्य रुपमा साइन बोर्ड राख्ने,

(ठ) मन्त्रालय, विशेष आर्थिक सुविधा व्यवस्थापन समिति तथा निर्देशनालयले समय-समयमा दिएका निर्देशनको पालना गर्ने।

## परिच्छेद-६

## विविध

१५. **उपचार सम्बन्धी विशेष व्यवस्थाः** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस निर्देशिका बमोजिमको रोगको उपचारका लागि नेपालभित्रको कुनै अस्पतालबाट उपचार सम्भव नभई विदेशको कुनै अस्पतालबाट त्यस्तो उपचार सेवा प्राप्त गर्नुपर्ने भएमा बिरामी वा बिरामीको संरक्षकले प्रेषण गर्नका लागि सम्वन्धित चिकित्सकको प्रेस्क्रिप्सन र परिचय पत्र सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिरामीको उपचारको प्रेषणका लागि मन्त्रालयले देहाय बमोजिमको एक प्रेषण समिति गठन गर्नु पर्नेछः-

(क) प्रमुख, मेडिकल विभाग, लुम्बिनी प्रादेशिक अस्पताल -संयोजक

(ख) मन्त्रालयले तोकेको सम्वन्धित रोगको विशेषज्ञ/चिकित्सक - सदस्य

(ग) प्रमुख, चिकित्सा सेवा विषय हेर्ने महाशाखा, मन्त्रालय - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले उपदफा (१) बमोजिम प्रेषणका लागि माग गरेको उपचार सेवा सूचिकृत अस्पतालबाट प्राप्त हुने नहुने, सूचिकृत नभएका नेपालभित्रका कुनै अस्पतालबाट त्यस्तो सेवा प्राप्त हुने नहुने तथा नेपाल बाहिरको अस्पतालमा उपचार सम्भव भए नभएको समेतलाई आधार मानी त्यस्तो बिरामीलाई विदेशमा उपचार गर्नुपर्ने देखिएमा माग गरे बमोजिमको अस्पतालमा प्रेषण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रेषण गरेका बिरामीले प्रेषण गरिएको सम्वन्धित अस्पतालबाट उपचार सेवा प्राप्त गरे पश्चात दफा ६ को उपदफा (१) बमोजिमको मापदण्डसम्मको रकम माग गर्न सक्कल बिल भरपाई लगायतका विवरण सहित भुक्तानीका लागि निर्देशनालय समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन साथ संलग्न कागजात सहित निर्देशनालयले विशेष आर्थिक सुविधा व्यवस्थापन समिति समक्ष पेश गर्नेछ र सहुलियत व्यवस्थापन समितिले बिल भरपाई बमोजिम रकम भुक्तानीका लागि निर्देशनालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम भुक्तानीका लागि सिफारिस गरिएको रकम निर्देशनालयले बिरामी वा बिरामीको हकवाला वा संरक्षकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

तर कुनै बिरामी उपचारको क्रममा मृत्यु भएमा त्यस्तो उपचारको रकम बिरामीको हकवाला वा संरक्षकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

१६. <u>सम्पर्क केन्द्र स्थापना गर्नुपर्ने:</u> (१) यस निर्देशिका बमोजिम बिरामीलाई उपचार सेवा प्रदान गर्ने गरी अस्पतालले छुट्टै सम्पर्क केन्द्र स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक सुरक्षा कार्यक्रम लागू भएका अस्पतालको हकमा समन्वय गरी सेवा अभिलेख अलग-अलग रहने गरी एउटै केन्द्रबाट उपचार सेवा प्रदान गर्न सकिनेछ।

१७. <u>अभिलेख तथा प्रतिवेदन:</u> (१) बिरामीको उपचार सम्वन्धी विवरण तोकिएको ढाँचा अनुसारको अभिलेख तयार गरी सोही बमोजिम विद्युतीय प्रविधिमा अनिवार्य प्रविष्टि गर्नु पर्नेछ।

(२) अस्पतालले उपदफा (१) बमोजिम अभिलेख उतार गरी मासिक रुपमा तोकिएका प्रतिवेदन प्रत्येक महिनाको ७ गतेभित्र निर्देशनालयमा पठाउनु पर्नेछ।

१८. <u>अस्पतालले प्रमाण पत्र दिनुपर्ने:</u> अस्पतालले यस निर्देशिका बमोजिम विशेष आर्थिक सुविधा प्राप्त गरेका बिरामीलाई अनुसूची-६ बमोजिमको विशेष आर्थिक सुविधाको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।

१९. <u>निरीक्षण तथा अनुगमन:</u> विपन्न नागरिक उपचारमा सूचिकृत अस्पतालको निरीक्षण तथा अनुगमन मन्त्रालय, विशेष आर्थिक सुविधा व्यवस्थापन समिति र निर्देशनालयले गर्नेछ।

२०. <u>लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने:</u> (१) अस्पतालले प्रचलित कानून बमोजिम लेखा परीक्षण गराएको अघिल्लो आर्थिक वर्षको प्रतिवेदन निजी तथा गैहसरकारी अस्पतालको हकमा चालु वर्षको मंसिर मसान्तसम्म र सरकारी अस्पतालले चैत्र मसान्तसम्म निर्देशनालयमा पठाउनु पर्नेछ र त्यस्तो प्रतिवेदन निर्धारित समयमा प्राप्त नभए शोधभर्ना रकम रोक्का गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा यस निर्देशिका बमोजिम निर्देशनालयबाट अघिल्लो वर्षमा प्राप्त गरेको रकमको आम्दानी र खर्चको विवरण छुट्टाछुट्टै खुलेको हुनु पर्नेछ।

२१. <u>कारवाही सम्बन्धी व्यवस्था:</u> (१) यस निर्देशिका विपरित कार्य गरेको प्रमाणित भएमा मन्त्रालय वा निर्देशनालयले स्थानीय तहका पदाधिकारी वा कर्मचारी, अस्पताल, उपचार वा प्रेस्क्रिप्सनमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(२) अस्पतालले उपदफा (१) बमोजिमको कार्य गरेको प्रमाणित हुन आएमा विशेष आर्थिक सुविधा व्यवस्थापन समितिको सिफारिस समेतको आधारमा अस्पतालको शोधभर्ना रकम रोक्का राखी निर्देशनालयले त्यस्ता अस्पताललाई सूचिकरणबाट हटाउन नेपाल सरकारको सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

२२. <u>प्रचलित कानून बमोजिम हुने:</u> (१) यस निर्देशिकामा लेखिएका विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस निर्देशिकामा उल्लिखित विषय प्रचलित कानूनमा भएका व्यवस्थासँग बाँझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

२३. <u>बजेट व्यवस्थापन:</u> विशेष आर्थिक सुविधा व्यवस्थापन समिति र निर्देशनालयलाई यस निर्देशिका बमोजिमको कार्य सम्पादनका लागि आवश्यक पर्ने बजेट तथा खर्चको व्यवस्थापन मन्त्रालयले नियमित विनियोजित बजेटवाट उपलब्ध गराउनेछ ।

२४. <u>नेपाल सरकारका निकायसँग समन्वय:</u> प्रदेश सरकारले प्रदान गर्ने विशेष आर्थिक सुविधा र नेपाल सरकारका निकायले प्रदान गर्ने औषधि उपचार सहुलियत कार्यान्वयनमा मन्त्रालयले आवश्यक समन्वय गर्नेछ।

२५. <u>सहुलियत हटाउन तथा विस्तार गर्न सक्ने:</u> प्रदेश सरकारले यस निर्देशिका बमोजिमको विशेष आर्थिक सुविधा अवधि तोकी हटाउन वा अन्य रोगको हकमा समेत थप विस्तार गर्न सक्नेछ।

२६. <u>बाधा अड्काउ फुकाउ:</u> यस निर्देशिका कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा यस निर्देशिका तथा प्रचलित कानूनको अधीनमा रही मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

२७. <u>अनुसूची हेरफेर गर्न सक्ने:</u> मन्त्रालयले आवश्यकता र औचित्यका आधारमा अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

<u>सिफारिस फाराम</u>

श्रीमान उपप्रमुख/उपाध्यक्षज्यू,

.....................गा.पा./न.पा.

................ ।

देहाय बमोजिम विवरण भरी प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा सिफारिसका लागि अनुरोध गर्दछु।

| क्र.स. | विवरण | कैफियत |
|---|---|---|
| १. | <u>वैयक्तिक विवरणः</u><br>बिरामीको नामः....................... उमेरः लिङ्गः<br>ठेगानाःस्थायी जिल्लाः गा.पा/न.पा.: वडा नं:<br>अस्थाई जिल्लाः गा.पा/न.पाः वडा नंः<br>जातिगत विवरणः ब्राम्हण/क्षेत्री/आदिवासी /जनजाती /दलित/अल्पसंख्यक/अन्य<br>परिवार सदस्य संख्याः | |
| २. | <u>बिरामीको रोगको किसिम प्रकारः</u><br>-मुटुको भल्भ फेर्नु पर्ने वा फेरेको<br>-मृगौला प्रत्यारोपण गर्नुपर्ने वा गरेको<br>-क्यान्सर उपचार गर्नुपर्ने वा गरिरहेको | |
| ३. | <u>संलग्न कागजातहरुः</u><br>-बिरामीको नागरिकताको प्रतिलिपी (वालकको हकमा जन्म दर्ताको प्रतिलिपी)<br>-रोग निदान भएको प्रेस्कीप्सन<br>- मुटुको भल्भ फेरेको वा किड्ने प्रत्यारोपण गरेको भए मिति र अस्पताल | |
| ४. | उपचारका लागि सिफारिस माग गरेको अस्पताल (उपचाररत बिरामी भए):- | |
| ५. | उपर्युक्त बमोजिम व्यहोरा ठिक साचो हो झूठा ठहरे सहूँला बूझाउँला ।<br>निवेदकको नामः<br>ठेगानाः<br>दस्तखतः | |

| | | |
|---|---|---|
| | मितिः<br>सम्पर्क नं. | |
| ६. | सम्बन्धित वडा कार्यालयवाट आफ्नो वासिन्दा भएको यकिन गरी सम्बन्धित स्थानीय सिफारिस समितिमा पठाउने विवरणः-<br>**सिफारिस गर्ने वडा कार्यालयको**<br>कर्मचारीको नामः<br>पद<br>दर्जाः<br>मितिः<br>कार्यालयको छापः | |

**नोटः-स्थानीय तहले अस्पतालमा सिफारिस गर्दा देहाय विवरण अनिवार्य खुलेको हुनुपर्नेछः-**

१. विरामीको नाम, थर, ठेगाना, ना.प्र.प.नं. र सम्पर्क नं.,

२. विरामीको नागरिकताको प्रतिलिपि (१६ वर्ष मुनिको हकमा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि),

३. उपचारको लागि तोकिएको अस्पतालमा सिफारिस,

४. मुटुको भल्भ फेर्नु पर्ने, मृगौला प्रत्यारोपण वा क्यान्सर रोगको निदान भएको चिकित्सकको प्रेस्क्रिप्सनको संक्षिप्त व्यहोरा,

५. उपचार सेवाका लागि सिफारिस गरिएको भन्ने र समितिको निर्णयको प्रतिलिपि संलग्न गरी पठाउनु पर्ने,

६. नेपाल सरकारको विपन्न नागरिक औषधि उपचारका लागि सिफारिस गरे नगरेको व्यहोरा खुलाउने।

अनुसुची-२

(दफा ५ को खण्ड (ख) सँग सम्बन्धित)

## मुटुको भल्व फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग उपचारका लागि सिफारिस गरिएको मासिक प्रतिवेदन फाराम

स्थानीय तहको नामः मितिः

आर्थिक वर्षः २०.....साल......महिनाको प्रतिवेदन

| क्र.सं. | बिरामीको नाम | उमेर | लिङ्ग म/पु/तेस्रो लिङ्गी | नागरिकता प.नं./ जन्मदर्ता नं. | ठेगाना | सिफारिस गरिएको अस्पताल | रोगको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्नेः

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखतः

अनुसुची-३

(दफा ५ को खण्ड (ख) सँग सम्बन्धित)

**मुटुको भल्व फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग उपचारका लागि सिफारिस वार्षिक प्रतिवेदन फाराम**

मितिः

स्थानीय तहको नामः

वार्षिक प्रतिवेदन

आर्थिक वर्षः

| क.सं. | सिफारिस गरिएको अस्पताल | सिफारिस गरिएको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | मुटुको भल्भ फेर्ने | क्यान्सर | मृगौला प्रत्यारोपण | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तयार गर्नेः

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखतः

अनुसूची-४

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## मुटुको भल्व फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग उपचार सेवा गरिएको मासिक प्रतिवेदन फाराम

सम्बन्धित अस्पतालको नामः

मितिः

आर्थिक वर्षः

२०.......साल ...........महिनाको मासिक प्रतिवेदन ।

| सि.नं. | गा.पा/न.पा.नाम | मुटुको भल्भ फेर्ने | क्यान्सर | मृगौला प्रत्यारोपण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा नयाँ बिरामी संख्या | | | | | | |
| यस महिनामा उपचार गरिएका पुराना बिरामीको संख्या | | | | | | |
| प्रेषण गरिएका बिरामी संख्या | | | | | | |

तयार गर्नेः

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखतः

अनुसुची-५

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## मुटुको भल्व फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग उपचार सेवा गरिएको प्रतिवेदन फाराम

अस्पतालको नामः मितिः

आर्थिक वर्षः

२०.......साल ...........महिनाको प्रतिवेदन ।

| सि.नं. | जिल्ला | दर्ता नं. | | विरामीको नाम | उमेर | महिला/पुरुष/तेस्रो लिङ्गी | विरामी नागरिकता नं./ जन्मदर्ता प्रमाण पत्र नं. | रोगको किसिम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ | पुराना | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्नेः

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखतः

अनुसूची-६

(दफा १८ सँग सम्बन्धित)

**<u>प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा प्रमाण पत्र</u>**

अस्पतालको नामः

दर्ता नं.

बिरामीको नामः उमेरः लिङ्गः

ठेगानाः

जन्म मितिः

रोगको किसिमः

नागरिकता नं./जन्मदर्ता नं.

...............................

बिरामीको दस्तखत

मितिः

.......................................

प्रमाणित गर्नेको दस्तखत

पदः

मितिः

# प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा (पहिलो संशोधन) निर्देशिका, २०८१

प्रस्तावना: प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायको निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा (पहिलो संशोधन) निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८ दफा २ मा संशोधन: (१) प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका,२०७८ (यस पछि "मूल निर्देशिका भनिएको) दफा २ को-,

(क) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(ख) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थप गरिएको छः-

"(छ१) "स्वास्थ्य कार्यालय" भन्नाले स्वास्थ्य निर्देशनालय मातहतको जनस्वास्थ्य कार्यक्रम हेर्ने जिल्ला स्थित कार्यालय सम्झनु पर्छ।"

(ग) खण्ड (झ) मा रहेका "दफा ६ को उपदफा" भन्ने शब्दहरुको सट्टा "दफा ६ को उपदफा (१)" भन्ने शब्दहरु राखिएका छन्।

(घ) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) "स्थानीय सिफारिस समिति" भन्नाले सिफारिस गर्ने प्रयोजनका लागि दफा ४ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

३. मूल निर्देशिकाको दफा ४ मा संशोधन: मूल निर्देशिकाको दफा ४ को दफा शीर्षकमा रहेका "सिफारिस समिति" भन्ने शब्दहरुको सट्टा "स्थानीय सिफारिस समिति" भन्ने शब्दहरु राखिएको छ।

४. मूल निर्देशिकाको दफा ४ मा संशोधन: मूल निर्देशिकाको दफा ४ को-,

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(१) उपदफा (१) बमोजिमको समितिले निवेदनसाथ संलग्न देहाय बमोजिमका कागजातहरु सहित स्वास्थ्य कार्यालयलाई विशेष आर्थिक सुविधा उपलब्ध गराउनको लागी सिफारिस दिनु पर्नेछः-

सचिव

(क) लुम्बिनी प्रदेशको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा लुम्बिनी प्रदेशको नागरिक नभई अन्य प्रदेशबाट लुम्बिनी प्रदेशमा बसाईसराई भई आएको भए बसाईसराईको प्रमाण-पत्रको प्रतिलिपी, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) क्यान्सर बिरामीको हकमा क्यान्सर प्रमाणीत हुने कागजात (CT स्क्यान वा MRI वा Biopsy वा Cytology report वा अन्य) को प्रतिलिपी, मुटुको भल्भ फेरिसकेका वा मृगौला प्रत्यारोपण गरिसकेकाको हकमा भल्भ फेरेको वा प्रत्यारोपण गरेको खुल्ने अस्पतालले प्रमाणित गरेको भर्नाको कागज, शल्यक्रियाको विवरण र डिस्चार्ज विवरणको प्रतिलिपी। मुटुको भल्भ फेर्ने वा मृगौला प्रत्यारोपण गर्नेको हकमा उपचार भईरहेको सम्वन्धित अस्पतालको मुटुको भल्भ फेर्ने वा मृगौला प्रत्यारोपण गर्नुपर्ने अस्पतालको सुनिश्चितताको सिफारिश पत्र,

(ग) स्थानीय सिफारिस समितिको निर्णयको प्रतिलिपी र सिफारिश पत्र,

(घ) नेपाल सरकारको विपन्न नागरिक उपचार आर्थिक सहुलियत कार्यक्रमका लागि सिफारिस गरेको भए सोको व्यहोरा खुलाई सिफारिस पत्र दिने।"

५. <u>मूल निर्देशिकाको दफा ५ मा संशोधन:</u> मूल निर्देशिकाको दफा ५को सट्टा देहायको दफा ५ राखिएको छ:-

" ५. <u>स्वास्थ्य कार्यालयको काम, कर्तव्य र अधिकार:</u> स्वास्थ्य कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) स्थानीय तहबाट दफा ४ को उपदफा २ बमोजिमका कागजात सहित सिफारिस पत्र, निर्णयको प्रतिलिपि प्राप्त गरी निर्देशनालयबाट उपलब्ध गराईएको विधुतीय अभिलेख प्रणालीमा विवरण भरी सम्वन्धित कागजातहरु अपलोड गर्ने,

(ख) क्यान्सर, मुटुको भल्भ फेर्ने र मृगौला प्रत्यारोपण गर्ने बिरामीको विवरण अलग अलग राखी प्राप्त कागजातहरुको सक्कलै फाइल महिना भुक्तान भएको ७ दिन भित्र अनूसुची-२ अनुसारको प्रतिवेदन फाराम सहित स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

(ग) खण्ड (क) बमोजिम विवरण अपलोड पश्चात निर्देशनलायबाट विद्युतीय प्रणालिबाट नै कागजात प्रमाणीत गरी सम्वन्धित अस्पतालमा पठाउने र त्यसरी प्राप्त भएको प्रतिलिपि पत्र सम्वन्धित विरामीलाई उपलब्ध गराउन सहजिकरण गर्न,

(घ) दफा ४ को उपदफा २ मा भएका कागजातहरु पूर्ण रुपमा प्राप्त नभएमा बिरामी वा बिरामीका आफन्तलाई ती कागजातहरु पेश गर्न सहजिकरण गर्न,

(ङ) स्वास्थ्य कार्यालयले १ जना कर्मचारीलाई यो कार्यक्रम हेर्ने गरी फोकल प्वाइन्ट तोक्नुपर्नेछ।

सचिव

६. <u>मूल निर्देशिकाको दफा ६ मा संशोधनः</u> मूल निर्देशिकाको दफा ६ को-,

(१) उपदफा (१) को खण्ड (ख), (ग) को सट्टा देहायको खण्ड (ख), (ग) राखिएको छः-

"(ख) मृगौला प्रत्यारोपण गरेकालाई प्रति बिरामी दुई लाख वा गर्नका लागि प्रति बिरामी दुई लाखसम्मको सिफारिश वा स्रोत सुनिश्चितता,

(ग) मुटुको भल्भ फेरेकालाई प्रति बिरामी दुई लाख वा फेर्नका लागि प्रति बिरामी दुई लाख सम्मको सिफारिस वा स्रोत सुनिश्चितता,"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) क्यान्सर, मुटुको भल्भ फेर्ने वा मृगौला प्रत्यारोपण गर्ने बिरामीहरुले नेपाल सरकारको विपन्न नागरिक उपचार आर्थिक सहुलियत कार्यक्रमका लागि सुचिकृत भइ स्वास्थ्य निर्देशनालयसंग सम्झौता गरेका अस्पतालहरुलाइ मात्र उपचारको लागी सिफारिस गरिनेछ।"

७. <u>मूल निर्देशिकाको दफा १० मा संशोधनः</u> मूल निर्देशिकाको दफा १० को-,

(१) उपदफा (१) को सट्टा देहाय उपदफा (१) राखिएको छः-

"(१) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि यस निर्देशिका बमोजिमको विशेष आर्थिक सुविधा पाउने मुटुको भल्भ फेरेका र मृगौला प्रत्यारोपण गरेका बिरामीले रोगको उपचार गरिसके पश्चात विशेष आर्थिक सुविधा पाउनका लागि स्थानिय सिफारिश समितिको सिफारिश पत्र र अन्य आवश्यक कागजात सहित स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय समक्ष भुक्तानीको लागि निवेदन दिन सक्नेछ तर कुनै बिरामीले मुटुको भल्भ फेर्ने र मृगौला प्रत्यारोपण गर्नुपुर्व नै प्राप्त हुने आर्थिक सुविधाको सुनिश्चितता माग गरे निर्देशनालयले अस्पतालको नाममा श्रोत सुनिश्चितता उपलव्ध गराउनु पर्नेछ साथै श्रोत सुनिश्चितता प्रदान गरिएको बिरामीको हकमा अस्पतालले मुटुको भल्भ फेरेको वा मृगौला प्रत्यारोपण गरेको प्रमाणसहित प्रत्यारोपण गर्दा लागेको शुल्कको बिल भर्पाई सहित शोधभर्ना माग गरेमा सोको भुक्तानी अस्पताललाई दिईनेछ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम निवेदन परेमा वा अस्पतालले सोध भर्ना माग गरेमा निर्देशनालयले व्यवस्थापन समितिको सिफारिशमा दफा ६ (१) को मापदण्ड ननाघ्ने गरी भुक्तानी गर्नुपर्ने छ।"

८. <u>मूल निर्देशिकाको दफा ११ मा संशोधनः</u> मूल निर्देशिकाको दफा ११-,

(१) उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) उपसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विषय हेर्ने मन्त्रालय -सदस्य"

९. <u>मूल निर्देशिकाको दफा १२ मा संशोधनः</u> मूल निर्देशिकाको दफा १२ को-,

(क) खण्ड (ज) पश्चात देहायको (ज१) थप गरिएको छः-

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय ... जगतकादेवपुरी, नेपाल



सचिव

"(ज१) स्वास्थ्य कार्यालयले पेश गरेका सिफारिस तथा कागजातहरु रुजु गर्ने र आवश्यकता अनुसार सहजिकरण तथा अनुगमन गर्ने भनि थप गरिएको."

१०. <u>मूल निर्देशिकाको अनुसूचीमा-१ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची- १ को नोटको क्र.स. १ मा रहेका "स्वास्थ्य निर्देशनालय" भन्ने शव्दहरुको सट्टा "स्वास्थ्य कार्यालयमा" भन्ने शव्दहरु राखिएका छन् क्र.स २ मा देहाय वमोजिमको वुदाँ न (क) थप गरिएको छः-

(क) विरामीको नागरिकता लुम्विनी प्रदेश भन्दा वाहिरको भए विरामी लुम्विनी प्रदेशको वासिन्दा भएको खुल्ने कागजात (बसाई सराईको प्रमाण पत्र)

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

सचिव